हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
प्रदेश नं. १, नेपाल

अध्यक्ष :-९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

प.सं. :- २०७९/८० मितिः-२०७९/०६/२३

च.नं. :-४५०

विषयः- ***सूचना टाँस गरी जानकारी पठाउने सम्बन्धमा।***

**श्री वडा कार्यालय (सबै)**
**हिलिहाङ गाउँपालिका, पाँचथर।**

प्रस्तुत बिषयमा उपभोक्ताको हक हितको संरक्षणको क्षेत्रमा उपभोक्ता तथा बिक्रेता दुवैलाई थप सचेत एवम् जिम्मेवार बनाउन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको यसै पत्रसाथ संलग्न सचेतनामूलक सूचनालाई तहाँ वडा कार्यालयको सूचना पाटी एवम वडाको प्रमुख बजार केन्द्रहरुमा सबैले देख्ने गरी होडिङ बोर्ड/फ्लेक्स बनाई राखिदिने व्यवस्था मिलाउनु हुन जानकारी गराउँदछु।

०७९/०६/२३

**(अनुगमन अधिकृत)**
विक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री अध्यक्षज्यू, हिलिहाङ गाउँपालिका, पाँचथर।
श्री उपाध्यक्षज्यू, हिलिहाङ गाउँपालिका, पाँचथर।
श्री सूचना प्रविधि अधिकृत - पालिकाको वेभसाइट/फेसबुक पेजमा अपलोड गर्नुहुन/सूचना पाटीमा टाँस गर्नुहुन।

# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार ।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य ।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य ।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं । उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

***उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौ; सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://ermis.doc.gov.np; टोलफ्री नं. ११३७) वा जिल्ला प्रशासन कार्यालय वा हिलिहाङ गाउँपालिका (Email:hilihangruralmun@gmail.com) फोन नं. ९८५२६८४४७७ / ९८४४६४७४४४ मा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं ।***

**उपभोक्ता हित संरक्षण अभियानमा**

**मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर ।
प्रदेश नं. १, नेपाल

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाण्डौं